स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



आयकर विभागका अधिकारीहरूले तेलुगु फिल्म उद्योगका कयौं प्रमुख निर्माताहरूको घर र कार्यालयमा छापा मारेका छन्। यो सूचीमा चर्चित फिल्म निर्माता दिल राजु र पुष्पा २ का निर्माताहरूको नाम पनि समावेश छ। हालै दिल राजुका दुई ठूला चलचित्र गेम चेन्जर र संक्रान्तिकी वस्तुन्नम हलमा रिलिज भएका थिए। उनी हाल तेलंगाना फिल्म विकास निगमका अध्यक्ष हुन्।

**आजको विचार...**



कृषि...
(दुई पेजमा)

डा. माधव अधिकारी



भ्यालेनटाइन डेको दिन पारेर आगामी फागुन २ गतेबाट प्रदर्शन हुन लागेको फिल्म 'रंगी'को दोस्रो गीतको रुपमा 'तिम्रै संसारमा' सार्वजनिक गरिएको छ। सोमबार युट्युबमार्फत् सार्वजनिक उक्त गीतमा भीम बिसी र रजना श्रेष्ठको पार्श्व गायन छ भने गायक बिसी स्वयंको शब्द रचना तथा संगीत छ। गीतलाई उदयराज पौडेलले एरेन्ज गरेका हुन्। शिशिर खातीको कोरियोग्राफीमा तयार भएको गीतको भिडियोमा फिल्मका मुख्य कलाकारहरु सलोन बस्नेत, नम्रता श्रेष्ठ, आयुषी ढकाल र सुमिन गुरुङ चित्रित छन्।

❐ वर्ष ३० ❐ अंक १७९ ❐ २०८१ माघ ९ गते बुधबार 22 January 2025, Wednesday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### ६० वर्षीय पुरुष मृत फेला

**सरस्वती घर्ती**

**गुल्मी,** माघ ८/ जिल्लाको मालिका गाउँपालिका- ८ मर्भुङ्गमा एक पुरुष मृत अवस्थामा फेला परेका छन् । स्थानीय ६० वर्षीय लालबहादुर रोका मृत अवस्थामा फेला परेका हुन् । मृतकलाई कसैले हत्या गरेर फालेको हुन सक्ने भएकाले त्यसको अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रमुख एसपी राजन भुजेलले जानकारी दिए । उनका अनुसार आशंकमा सोधपुछका लागि मृतकका छोरा डम्मर बहादुर रोकालाई नियन्त्रणमा लिइएको छ ।

### पहिरोमा परी पाँच जनाको मृत्यु


**(रासस/सिन्ह्वा)**

**जकार्ता,** माघ ८/इन्डोनेसियाको बाली टापुको एउटा गाउँमा सोमबार पहिरो जाँदा कम्तीमा पाँच जना मजदुरको मृत्यु भएको एक अधिकारीले स्थानीय सञ्चारमाध्यमलाई बताए । प्रारम्भिक रिपोर्टहरूका अनुसार बालीको प्रान्तीय राजधानी डेनपसारको उबुङ काजा गाउँमा दुर्घटना भएको हो । उक्त दुर्घटनामा तीन जना कामदारहरू प्रकोपबाट बच्न सफल भएका छन् । अहिले उनीहरू नजिकैको अस्पतालमा भर्ना भएका छन् । बालीको खोज तथा उद्धार एजेन्सीका प्रमुख न्योमन सिडकार्यका अनुसार मृतकहरुलाई पहिचानका लागि नजिकैका अस्पतालमा लगिएको छ । पहिरोको मुख्य कारण भने खुल्न सकेको छैन । तर उक्त क्षेत्रमा आइतबार मुसलधारे पानी परेको थियो । उनले वर्षाको समयमा सचेत रहन सर्वसाधारणलाई आग्रह गरे । इन्डोनेसियाले मौसममा प्राय: हाइड्रोमेटोरोलोजिकल प्रकोपहरू अनुभव गर्दछ ।

# पाल्पा अस्पतालको अक्सिजन प्लान्ट एक वर्षदेखि बन्द

**रामचन्द्र रायमाझी**

**पाल्पा,** माघ ८/पाल्पा अस्पतालमा रहेको अक्सिजन प्लान्ट एक वर्षदेखी प्रयोग विहिन अवस्थामा रहेको छ । कोरोनाको समयमा संघीय सरकारबाट बजेट विनियोजन भई निमार्ण भएको अक्सिजन प्लान्ट हाल बिग्रिएर थन्किएको हो ।



पाल्पा अस्पतालमा विग्रिएर रहेको अक्सिजन प्लान्ट चेकजाँच गर्दै प्राविधिक नवराज बस्याल । तस्वीर : प्रकाश नेपाल

दक्ष जनशक्ति नहुँदा र मर्मतसम्भारमा ध्यान नदिदा अस्पतालमा साढे तीन वर्षअघि जोडिएको प्लान्ट बेकामे बनेको छ । २०७८ भदौमा अक्सिजन प्लान्ट जडान गरिएको थियो । प्लान्टबाट दैनिक ७० सिलिण्डर अक्सिजन उत्पादन गर्ने क्षमता छ । यो प्लान्ट करिब साढे दुई वर्ष सञ्चालन भयो । बिस्तारै उत्पादन क्षमता घट्यो । एक वर्षयता भने प्लान्ट प्रयोगमा आउन सकेको छैन । लुम्बिनी मेडिकल कलेज र मिसन अस्पतालमा यहीबाट अक्सिजन वितरण हुँदै आए पनि एक वर्ष यता बन्द छ ।

बुष्टरको हेड विग्रीएकाले प्लान्ट बन्द रहेको अस्पताल विकास समितिका अध्यक्ष गुराँस आत्रेयले बताए । उनले भने 'नेपालमा पार्टपुर्जा नपाउँदा अक्सिजन प्लान्ट मर्मत-सम्भारमा समस्या आएको छ । भारतको लखनउबाट पार्टपुर्जा मगाएका छौं, अब केही दिनमा प्लान्ट सञ्चालनमा आउन्छ ।' आफु नेतृत्वमा नभएको बेला अघिल्लो मेसुले प्लान्ट सञ्चालनमा चासो नदिदा एक वर्ष अघिदेखि प्लान्ट नियमित सञ्चालनमा आउन नसकेको अध्यक्ष आत्रेयले बताए । उनले एक वर्षदेखि अस्पताललाई आवश्यक पर्ने अक्सिजन मात्र उत्पादन गर्ने र बाहिर नपठाउने गर्दै आएकोमा तीन हप्ता यता भने पूर्ण रुपमै प्लान्ट बन्द रहेको बताए । प्लान्ट बन्द भए पनि अस्पतालमा आउने विरामीहरुलाई अक्सिजनमा कुनै पनि समस्या नरहेको अध्यक्ष आत्रेयले दावी गरे । उनले भने 'अहिले प्लान्ट बन्द रहे पनि विरामीहरुका लागि कुनै समस्या छैन् । हामी कोभिडका बेला ल्याएको कन्सटेटरमार्फत अक्सिजनको परिपूर्ति गर्दै आएका छौं ।' यता बिरामीका आफन्तहरुले भने अक्सिजनकै अभावमा बिरामीलाई अन्यत्र लैजानुपरेको गुनासो गर्दै आएका छन् । उनीहरुले अस्पतालमै प्लान्ट हुँदा हुँदै मर्मत-सम्भारमा चासो नदिदा आफुहरु अन्यत्र जानु परेको बताएका छन् । केही दिन अघि लुम्बिनी प्रदेश सरकारका स्वास्थ्यमन्त्री खेम सारुले समेत अक्सिजन प्लान्टको छड्के अनुगमन गरेका थिए । उनले अस्पताललाई तत्काल प्लान्ट मर्मत गरी सञ्चालन गर्न निर्देशन समेत दिएका थिए । मन्त्रीको निर्देशनपछि अस्पतालका अध्यक्ष आत्रेयले प्राविधिक बोलाएर छिटो भन्दा छिटो पार्टपुर्जा मगाएर प्लान्टर मर्मत गर्न आग्रह गरे । बिग्रिएको सामान फेर्न २ लाख ५० हजार खर्च लाग्ने जनाइएको छ । मेसिनको विषयमा ज्ञान नभएको व्यक्तिले स्वीच अन, अफ गर्दा मेसिनमा समस्या आएको प्राविधिक नवराज बस्यालले बताए । उनले भने ' पहिले म आफै हेर्थे, पछि मैले छोडेपछि मेसिन सञ्चालनमा आउन सकेन । मैले छोडेको पनि एक वर्ष नै भयो , अहिले १ गते देखि पुन: काममा आएको छु । अब छिट्टै सामान ल्याएर प्लान्ट सञ्चालन गर्छौं ।' संघीय सरकार अन्तर्गत अर्थ मन्त्रालयले २०७८ जेठमा अक्सिजन प्लान्ट सञ्चालनका लागि एक करोड ५० लाख बजेट स्वीकृत गरेको थियो । सरकारले स्वीकृत गरेको रकमबाट अक्सिजन उत्पादन गर्ने मेसिनहरु खरिद गरि प्लान्ट सञ्चालनमा ल्याइएको थियो । प्लान्टका लागि अस्पतालनजिकै २६ लाख लागतमा भवन निर्माण गरिएको छ । कोभिडका बेला प्लान्ट सञ्चालनमा आउँदा सहज भए पनि अहिले बन्द हुँदा दीर्घ रोगीहरु मर्कामा परेका छन् ।

# देवदह र रामग्रामबाट लुम्बिनीसम्म बिजुली बस




**लुम्बिनी (मर्चवार),** माघ ८/लुम्बिनी विकास कोषले देवदहबाट बुद्ध जन्मस्थल लुम्बिनीसम्म विद्युतीय बस सञ्चालन गर्ने भएको छ । गत पुस ४ गतेदेखि सञ्चालन सुरु भएको बिजुली बस सञ्चालनलाई निरन्तरता दिने कोषले जनाएको छ । बृहत्तर लुम्बिनी क्षेत्रका तीर्थयात्रुहरूको सेवालाई मध्यनजर गरी सोमबारदेखि देवदह र रामग्रामबाट सञ्चालन गरिने कोषका कोषाध्यक्ष ढुण्डीराज भट्टराई (सिद्धिचरण) ले बताए । देवदह शीतलनगरबाट मणिग्राम, भैरहवा बेलहिया विमानस्थल हुँदै बुद्धजन्मस्थल लुम्बिनीसम्म सिधा बिजुली बस सञ्चालन गर्न लागिएको उनले जानकारी दिए । कोषाध्यक्ष भट्टराईका अनुसार साताको तीन दिन देवदह र तीन दिन बुद्धको अस्तुधातुस्थित रामग्रामबाट बिजुली बस सञ्चालन गर्नेगरी नयाँ रुट बनाइएको हो । उनले कोषले बहत्तर लुम्बिनी क्षेत्रको तीर्थयात्रुलाई सेवा दिनेगरी बिजुली बस सञ्चालनमा ल्याइएको बताउँदै अहिले दानपेटिका राखेर नि:शुल्क सेवा प्रदान गरिँदै आइएको जानकारी दिए । उनले धार्मिक क्षेत्रका स्थानीय पालिका, सामुदायिक सङ्गठन र संघसंस्थासँग सहकार्य र समन्वय गरी कोषको समयसापेक्ष नीतिसहित स्थानीयसँग लुम्बिनी कार्यक्रम अवधारणालाई व्यवहार ल्याउने प्रतिबद्धता जनाए । लुम्बिनी विकास कोषले कानुनी उल्झनका कारण सञ्चालन गर्न नसकेका पाँच वटामध्ये दुई बस धम्मयात्रा लेखेर परीक्षणस्वरुप सञ्चालन गरिएको छ । *-रासस*



पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## सरकार ! अब अलमल नगर

सरकार प्रतिदिन आलोचित भइरहेको छ । मुलुकका दुई ठूला दल मिलेर बनेको बलियो सरकार बने पनि जनताका इच्छा, आकांक्षाको सम्बोधन हुन सकेको छैन् । जोड–घटाउका हिसाबले सरकार बलियो छ स्थिर छ र आफ्नो कार्यकाल निर्विघ्न पूरा गर्न सक्छ । तर, यही सरकार गठन भएपछि जनताले सुशासन प्रत्याभूत गर्न पाएका छैन् भने दैनिक जसो सयौं युवाहरु स्वदेशमै रोजगार नपाएर विदेशीएका छन् । कोभिडपछि धला परेको देशको अर्थतन्त्र अझै पनि तंग्रीन सकेको छैन् । वर्तमान शक्तिशाली गठबन्धन सरकार बनेको ६ महिना पूरा भएको छ । यो धेरै लामो समय होइन तर यसलाई कम भन्न मिल्दैन । बिहानीले दिनको संकेत गर्छ भन्ने भनाइ छ ।

सरकारको बिहानी अब टरिसकको छ । यो समयसम्म सरकारले तय गरेको बाटो स्पष्ट रूपमा देखिनुपर्ने थियो तर उसले आफू हिंड्ने बाटो राम्ररी तय गर्न सकेको देखिंदैन । जनतामा आशाको सञ्चार गराउन सकेको छैन । आर्थिक रूपमा राष्ट्र प्रतिदिन ओरालो लाग्दै गएको देखिन्छ । जनताको आर्थिक उन्नति हुनेखालका काम हुनसकेका छैनन् । बेरोजगारीको समस्या दिनप्रतिदिन बढी रहेको छ, देशबाट युवाहरू रित्तिँदैछन् । खेतीयोग्य जमिन बाँझो रहने क्रम बढिरहेको छ । विदेशसँग गरिएका आर्थिक सहयोगका सम्झौताहरूको स्वरूपको पुष्टि सरकारबाट हुन सकिरहेको छैन । यो अत्यन्त दुखको कुरा हो । शिक्षा, स्वास्थ्य, कृषि, अर्थतन्त्र, विकास निर्माण सबै क्षेत्रमा यस्तै अवस्था छ । यसले सरकार जनताप्रति त्यत्ति गम्भीर भएको पाइँदैन । अहिले पनि सुशासन र आर्थिक समृद्धि हासिल गर्ने सरकारको योजना बोली र कागजमा मात्रै सीमित हुने अवस्था देखिएको छ । प्रधानमन्त्री, मन्त्रीलगायतका उच्च पदस्थहरु नसच्चिँदासम्म मुलुकमा सुशासन कायम हुन सक्दैन र सुशासन कायम नहुँदासम्म विकास र समृद्धिको ढोका पनि खुल्न सक्दैन । तसर्थ वर्तमान सरकार जनताका अपेक्षा अनुसार आर्थिक समृद्धि र सुशासनलाई कायम गर्ने दिशामा अलमल गर्न हुँदैन ।

### Opinion @ Social Network

परिवर्तन सजिलो थिएन तर जरूरी थियो ।

**पुजा थापाको** ***फेसबुकबाट*** *;https://www.facebook.com/Pooja.Thapa*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# कृषि उपज र हाम्रो संस्कृति



डा. माधव अधिकारी

*कृषि उत्पादन वृद्धि गर्न अपरिहार्य स्रोतसाधन र सामग्रीको न्यून उपलब्धता, आर्थिक भौगोलिक पूर्वाधार जस्तै सिँचाइ, सडक, कृषि बजार, शीतभण्डार र गोदामघर संकलन तथा बिजुलीको अपर्याप्तता मूल समस्याका रूपमा देखिएको पाइन्छ । कृषीजन्य उत्पादनमा आशातीत उपलब्धि हाँसिल गर्न उन्नत, नश्ल तथा बिउको प्रतिस्थापन दर अन्त्यन्त कम छ । यसको अतिरिक्त वैदेशिक रोजगारीमा युवा शक्ति, खाडीमुलुक जाने र जग्गाको तीव्र खण्डीकरण प्रमुख समस्याके रूपमा देखापरेका छन् । साथै, कृषिमा वैज्ञानिक जनशक्ति व्यवस्थापन कमजोर, कृषिको आधुनिकीकरण, यान्त्रिकीकरण, पूर्वाधार, व्यापारीकरण, औद्योगिकीकरण आदि प्रमुख समस्या हुन् । माथि भनेजस्तै मुख्य व्यावसायिक वातावरणको अपर्याप्तताको कारण कृषिका लागि आवश्यक जनशक्तिको रूपमा रहेका युवा जनशक्ति अन्यक्षेत्र तथा वैदेशिक रोजगारमा संलग्न भई हाम्रा गाउँघरका कृषियोग्य जमिनमा उनिउँ फूलेर उत्पादकत्वमा ह्रास आएको छ । अर्कोतिर अव्यवस्थित शहरीकरण, जग्गाको खण्डीकरण, जग्गा बाँझो राख्ने प्रवित्तिलाई निरुत्साहित गर्दै कृषि भूमिलाई उपयोगमा ल्याउनु तथा कृषि प्रसार सेवामा किसानको पहुँच अभिवृद्धि गर्नु, सीमित स्रोतसाधन, कृषिऋण, बीमा, प्रविधि र ज्ञानको प्रयोगलाई तारतम्य मिलाई कृषि उत्पादनमा वृद्धि गर्नु स्थानीय सरकारको प्रमुख भूमिका हो ।*

हाम्रो देशमा कूल गार्हस्थ्य उत्पादनमा २७ प्रतिशत योगदान रहेको साथै ६०.४ प्रतिशत जनसंख्या आबद्ध भएको कृषि क्षेत्र आर्थिक समृद्धि हाँसिल गर्ने राष्ट्रकै मूल आधारशिला हो । उच्च समावेशी आर्थिक वृद्धिमा योगदान पुर्‍याउने क्षेत्र भएकाले कृषि वैज्ञानिक ढंगले सुधार तथा रूपान्तरण गर्दै विगतका प्रयासलाई सघन बनाई उत्पादन र उत्पादकत्वमा वृद्धि गर्नु अति आवश्यक छ । नेपालको संविधानले खाद्यसम्बन्धी अधिकरलाई मौलिक हकको रूपमा प्रत्याभूत गरेको सन्दर्भमा विभिन्न कारणले उत्पन्न हुनसक्ने खाद्य तथा पोषण संकटको अवस्थालाई मध्यनजर गर्दै प्रमुख खाद्यान्न फलफूल, तरकारी र माछामासु उत्पादनमा आत्मानिर्भरताका लागि कृषिमा नीतिगत, संरचनागत र संस्थागत सुधारको अति आवश्यक छ । देशलाई खाद्य सम्प्रभु तुल्याएर स्वाधीन अर्थतन्त्रको विकास गर्न कृषि क्षेत्रमा उल्लेख्य मात्रामा लगानी बढाउन पनि त्यत्तिकै आवश्यक छ । नेपालको संविधानका अधिकार सूची, कृषि क्षेत्रको समग्र विकासका लागि मार्गचित्रणको रूपमा रहेको कृषि विकास रणनीति र दिगो विकास लक्ष्यलाई मार्गदर्शनको रूपमा लिएको पाइन्छ । रणनीतिले कृषि तथा पशुपक्षीजन्य उत्पादनको व्यावसायिकीकरण, यान्त्रिकीकरण र विविधीकरण गरी यस क्षेत्रलाई प्रतिस्पर्धी बनाउन जोड दिएको छ । दिगो विकास लक्ष्यले लिएको भोकमारीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा पोषण सुनिश्चित गर्ने, दिगो कृषिको प्रवर्द्धन गर्ने लक्ष्य हाँसिल गर्नेगरी यो क्षेत्रमा स्रोतसाधनको वैज्ञानिक परिचालन गर्नुपर्दछ । त्यस्तै कृषि क्षेत्रको औद्योगिकीकरणको माध्यमबाट थप रोजगारी सिर्जना गरी आय आर्जन, गरिबी निवारण तथा आयात व्यवस्थापनलाई समेत सम्बोधन गर्नुपर्दछ । संघ, प्रदेश र स्थानीय तहको लगानीलाई कृषि क्षेत्रको समग्र विकासमा प्रभावकारी रूपबाट परिचालन गर्नु आजको आवश्यकता हो ।

असार महिनामा रोपाइ सुरु गर्नु अगावै पञ्चतत्व स्वरूपमा भूमिको पूजन गर्ने प्रथा हाम्रो देशमा छ । विशेषगरी मगर समुदायको चर्चित पर्व भूमे मगरातअन्तर्गत रोल्पा, रुकुम, सल्यान, पाल्पा, दैलेख, जाजरकोट आदि जिल्ला र दाङलगायत राप्ती अञ्चलका सबै जिल्लामा धुमधामसँग मनाइन्छ । रुकुमको मगर समुदाय आफ्नो पहिरनमा बाजागाजासहित लेकमा पुगी वन देवतालाई पूजा गरेर फूलपाती टिपी ल्याउने गर्दछन् । पुर्खाले जंगल खोस्रेर अन्न बाली लगाउन थालेदेखि नै यो पर्व मनाउन थालको इतिहास पाइन्छ । विशेषगरी, भूमेपूजाको सन्दर्भ कृषि र वर्षासँग छ । आफ्नो चालचलन अनुसार ठाउँ हेरी असार १ गतेबाटै औपचारिक रूपमा भूमिपूजा सुरु हुन्छ । जेठको अन्तिम दिन लेकबाट फूलपाती टिपेर ल्याई भूमि पुजा सुरु गरिन्छ । स्मरण रहोस्, यो कार्य गरेपछि वर्षाको कमी नहुने मान्यता छ । त्यसकारण, भूमेपूजाको महत्व खेतीपातीमा अझै बढेको छ । बाढीपहिरो, हुरी बतास जस्ता प्राकृतिक प्रकोपबाट बच्नलाई र खेतीपातीको राम्रो काम गर्दै भूमि माताको असारमा एक हप्तासम्म नाचगान गरी पूजा गरी मेला नै लाग्छ । भूमे पर्वलाई कसैकसैले भूमेमेला पनि भन्दछन् । चाहे भूमिमा केही निर्माण होस् या कृषिको भूमि परीक्षण एवं सोधपश्चात भूमिपूजा गरिन्छ । भूमिमा गणेश स्थापना गरी यो पूजा गर्ने चलन छ । सनातन् दर्शनमा भूमिलाई गौरूप समान मानिन्छ । तसर्थ, भूमिलाई षोडशोपचारबाट गणपतिको स्मरणका साथै इष्टदेव एवं कुलदेवतालाई प्रणाम, अभिवादन गरी आफ्नो-आफ्नो विधिपूर्वक पूजा गरी नयाँ बाली लगाइन्छ । हाम्रो देशका सबै भागमा विभिन्न प्रकारबाट भूमि पूजा गर्ने आफ्नो-आफ्नो प्रचलन भने छँदैछ । असारलाई मुठी छरेर मुरी उत्पादन गर्ने महिनाको रूपमा लिइन्छ । असार साउन महिना किसान भोकतिर्खा र पसिना बिर्सेर खेतीपाती गर्नमा व्यस्थ हुन्छन् । असार १५ लाई किसानहरू चाडको रूपमा दहीचिउरा/सेलरोटी अचार खाई खुशीले मनाउँछन् । यो क्रममा ब्याडमा राखिएको धानको बिउलाई उखेलेर मुठा पार्ने मानिसलाई बिउ काड्ने मानिस वा ब्याडे भनिन्छ । धानको बिउ रोप्नेलाई रोपार भने सम्याएर माटोलाई लेदो बनाएर धानको बिउ रोप्ने खेत तयार पार्ने बाउसे हुन् । साथै आफ्नो रोपाइँ समाप्त भएपछि रोपाइँ समाप्त नुहनेलाई सघाउने प्रचलन पनि छ । खेत रोपाइँ सकिएपछि खुशियालीको रूपमा मैजारो खाने हाम्रो संस्कृति छ । केही वर्षयता, असार पन्लाई राष्ट्रिय स्तरमा धान दिवसको रूपमा मनाउन थालिएको पाइन्छ । रोपाइँ गर्दा एक प्रकारको असारे गीत गाई हिलो छ्यापाछ्याप गरी सो दिवस मनाउने संस्कृति छ । असार १५ लाई किसानहरू चाडको रूपमा दहीचिउरा/सेलरोटी अचार खाई खुशीले मनाउँछन् । साँच्चै भन्नुपर्दा कृषिउपज हाम्रो जीवन हो । यो हाम्रो संस्कृतिको रूपमा जोडिएको छ । उदाहरणको रूपमा असार पन् दहीचिउरा/सेलरोटी अचार, साउने संक्रान्ति लुतो फ्याँकेर हरियो मकै पोली प्रसादको रूपमा खाने, साउन पन् खीर, जनैपूर्णिमामा क्वाँटी, दशैँमा दहीचिउरा, केरा, तिहारमा सेलरोटी, हरिबोधिनी एकादशीमा फलफूल, सोको भोलिपल्ट द्वादशीमा नयाँ अन्न न्वागीको रूपमा दहीचामल, पन्ध पुसमा लट्टे, माघे संक्रान्तिमा खिचडी, तरुल, चाकु, तिलको लड्डु र विभिन्न खाद्य परिकार, योमरी पूर्णिमामा योमरी, अक्षय तृतीयामा सातु सर्वत खाइन्छ । यी माथिका खाद्यान्न परिकार हाम्रो रीतिरिवाजसँग जोडिएको छ । पहिले यी खाद्यान्नबाट बनाएका परिकार खाइन्थ्यो भने आजभोलि जुनबेला पनि पहुँचको आधारमा खान पाइन्छ । हाम्रो देश हुन त कृषिप्रदान देश हो र कृषिसँग खाना जोडिएको छ । कृषि उत्पादन वृद्धि गर्न अपरिहार्य स्रोतसाधन र सामग्रीको न्यून उपलब्धता, आर्थिक भौगोलिक पूर्वाधार जस्तै सिँचाइ, सडक, कृषि बजार, शीतभण्डार र गोदामघर संकलन तथा बिजुलीको अपर्याप्तता मूल समस्याका रूपमा देखिएको पाइन्छ । कृणीजन्य उत्पादनमा आशातीत उपलब्धि हाँसिल गर्न उन्नत, नश्ल तथा बिउको प्रतिस्थापन दर अन्त्यन्त कम छ । यसको अतिरिक्त वैदेशिक रोजगारीमा युवा शक्ति, खाडीमुलुक जाने र जग्गाको तीव्र खण्डीकरण प्रमुख समस्याके रूपमा देखापरेका छन् । साथै, कृषिमा वैज्ञानिक जनशक्ति व्यवस्थापन कमजोर, कृषिको आधुनिकीकरण, यान्त्रिकीकरण, पूर्वाधार, व्यापारीकरण, औद्योगिकीकरण आदि प्रमुख समस्या हुन् । माथि भनेजस्तै मुख्य व्यावसायिक वातावरणको अपर्याप्तताको कारण कृषिका लागि आवश्यक जनशक्तिको रूपमा रहेका युवा जनशक्ति अन्यक्षेत्र तथा वैदेशिक रोजगारमा संलग्न भई हाम्रा गाउँघरका कृषियोग्य जमिनमा उनिउँ फूलेर उत्पादकत्वमा ह्रास आएको छ । अर्कोतिर अव्यवस्थित शहरीकरण, जग्गाको खण्डीकरण, जग्गा बाँझो राख्ने प्रवित्तिलाई निरुत्साहित गर्दै कृषि भूमिलाई उपयोगमा ल्याउनु तथा कृषि प्रसार सेवामा किसानको पहुँच अभिवृद्धि गर्नु, सीमित स्रोतसाधन, कृषिऋण, बीमा, प्रविधि र ज्ञानको प्रयोगलाई तारतम्य मिलाई कृषि उत्पादनमा वृद्धि गर्नु स्थानीय सरकारको प्रमुख भूमिका हो । भौगोलिक तथा जैविक विविधताजन्य सम्भाव्यता प्रभावकारी अध्ययन हुनु, पुँजी प्रेरणा, आत्माविश्वास र प्रविधिबारेको ज्ञानसहित वैदेशिक रोजगारबाट फर्केका युवालाई कृषि व्यवसायमा आकर्षण गर्नु जैविक खेती, कृषि वनप्रति उद्यमी, सरोकारवालाको आकर्षण बढाउनु, उत्पादित वस्तुको देशभित्रै तथा बढी भएमा देशबाहिर व्यापारको पहुँच वृद्धि गर्नुपर्दछ । कृषि ऋण, बीमा, नवीन प्रविधि आदिको प्रभावकारी विकास गर्नु जलवायु परिवर्तनसँग जुध्न ज्ञान, सीप, प्रविधि र स्रोतको उचित व्यवस्थापन गर्नुपर्दछ । माथि भनेजस्तै संघ, प्रदेश सरकारको समन्वयमा स्थानीय सरकारकै अहम् भूमिका रहन्छ । त्यसपछिमात्र कृषि उपजसँग जोडिएको हाम्रो संस्कृतिद्वारा कृषिमा क्रयशक्ति वृद्धि हुन्छ ।

***-इहिमालय टाइम्स डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आफूलाई कमजोर भएको अनुभूति हुनेछ । मन खिन्न हुने स्थिति आउनेछ । | **तुला** : लाभदायक यात्रा रहला । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ । |
| **वृष** : चिताएको कामले तीव्रता लिनेछ । कला, साहित्यमा रुचि बढ्नेछ । | **वृश्चिक** : कार्यमा सफलता मिल्नेछ । विपरीत वर्गप्रति आकर्षण बढ्नेछ । |
| **मिथुन** : जमघटमा मन रमाउनेछ । धर्म तथा समाजसेवामा मन लाग्नेछ । | **धनु** : शुभकार्यको चर्चा चल्नेछ । रमणीय र सुखद यात्राको योग छ । |
| **कर्कट** : यात्राको सम्भावना छ । रोकिएको धन हात पर्ला । | **मकर** : महत्वपूर्ण कामको थालनी हुनेछ । समाजसेवामा मन लाग्नेछ । |
| **सिंह** : स्वास्थ्यमा समस्या आउनेछ । सहकर्मीबाट विरोध आउला । | **कुम्भ** : वाक्चतुर्याईले सङ्कल्प सिद्ध हुनेछ । साथीभाईसंग समय बित्नेछ । |
| **कन्या** : जोश जाँगर र उमंग बढ्ला । आर्थिक कारोवारमा सफलता पाइएला । | **मीन** : रोजगारको अवसर मिलनेछ । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ । |

## कला मनोरञ्जन

# ‘एक्टर’ ट्रेलरबारे दर्शकको प्रतिक्रिया : ‘धेरै आशा जगायो’



यस वर्ष अभिनेता प्रदीप खड्काको फिल्म रिलिजको संख्या तीनवटा पुग्दैछ । उनको करिअरमै यो पहिलो पटक हुन लागेको हो । गत जेठमा उनी अभिनीत फिल्म ‘पूजार सार्की’ प्रदर्शन भइसकेको छ । अब यही माघ १६ गते ‘एक्टर : टेक वान’ र चैत २९ गते ‘पिताम्बर’ रिलिजको तयारीमा छन् । यी दुई फिल्म पनि व्यावसायिक रुपमा सफल भए उनले एकै वर्षमा हिटमा ह्याट्रिक गर्नेछन् । यतिबेला प्रदीपको सम्पूर्ण ध्यान ‘एक्टर’मा केन्द्रित छ । किनकि, रिलिजको हिसाबले यही अगाडि छ । फिल्मको प्रचारका लागि महोत्सवमा समेत दौडधुप गरिरहेका उनलाई गत शुक्रबार सार्वजनिक ट्रेलरमा लोभलाग्दो प्रशंसा मिलेको छ । युट्युबमा प्रतिक्रिया जनाउने प्राय:ले उनकै तारिफमा शब्द खर्चिएका छन् । केहीले ‘अभिनयको अलराउन्डर’को ट्याग समेत दिएका छन् । १९ लाख हाराहारी भ्यूज पाइसकेको ट्रेलरले फिल्मप्रति आशा जगाएको प्रतिक्रिया पनि धेरै देखिन्छन् । सिनेमाटोग्राफीको तारिफ उतिक्कै भइरहेको छ ।

समग्रमा ट्रेलरलाई प्राप्त प्रतिक्रिया उत्कृष्ट छ । यतिबेला नेपालमा युट्युबको मुभी सेक्सनतर्फ दोस्रो नम्बर ट्रेन्डिङमा रहेको ट्रेलरले फिल्मप्रति दर्शकमा चासो र उत्सुकता बढाउन ठूलो भूमिका खेलेको छ । राजन भुसालको लेखन तथा निर्देशनमा तयार भएको फिल्मको ट्रेलरले प्रदीप खड्काको महत्त्वाकाङ्खषी चरित्रलाई केन्द्रमा राख्दै त्रिकोणात्मक प्रेम र कठिन सैर्षको कथा पेस गरेको छ । प्रदीपको बाटोमा राजबल्लभ कोइराला बाधक बनेका छन् । उनको ‘ग्रे’ चरित्र छ । ट्रेलरको ‘हाइलाइट’ पक्ष निश्चल बस्नेत इन्ट्री पनि हो । तर, उनको भूमिकालाई सस्पेन्स राखिएको छ ।

थमनकुमार भण्डारीको निर्माण रहेको फिल्ममा दिव्य देव, सृजना अधिकारी, उषा रजक, सुशील सिटौला लगायतको पनि अभिनय छ । अदृत फिल्म्स् र अ मोती फिल्मको संयुक्त प्रस्तुति रहेको फिल्ममा निर्माता थमन कुमार भण्डारी, क्रियटिभ प्रोड्युसर मोती कार्की तथा सह-निर्माता अनीश भुसाल छन् । यसमा छायाङ्कन नरेन्द्र मैनालीले गरेका हुन् भने सम्पादन निमेष श्रेष्ठले गरेका छन् ।

*-फिल्मी खबर डटकम*

# खेम सेन्चुरीलाई शिव परियारको सुझाव



गायक शिव परियारले आफूलाई छोडेर अरू जस्तो बन्ने प्रयास नगर्न खेम सेन्चुरीलाई सुझाएका छन् । भ्वाइस अफ नेपालमा जर्जको रुपमा बर्जर बजाउने सिलसिलामा उनले खुट्टाले बर्जर थिचेको विषय सामाजिक सञ्जालमा व्यापक आलोचना हुन थालेपछि परियारले यस्तो सुझाव दिएका हुन् । खुट्टाले बर्जर थिच्ने नक्कल उनले अरू कसैबाट गरेको परियारको धारणा छ । ‘खेम भाइ भिडियो हेर्दा अलिकति अस्वाभाविक चैं मलाई पनि लाग्यो है । भविष्यमा आफूलाई छोडेर अरू कोही जस्तो बन्ने चेष्टा नगर्नु’, परियाले सामाजिक सञ्जाल मार्फत भनेका छन् ‘मौलिक खेम सेन्चुरी नै नेपाली लोकसंगीतलाई प्रिय अनि आवश्यक छ । आफूलाई छोडेर अरुजस्तो बन्ने प्रयास गर्दा प्राय: नकारात्मक अवस्थाहरु भोग्नुपर्ने हुन्छ । भाइ जत्तिको कलाकारले आगामी दिनमा बिचार गर्नुपर्छ ।’ परियारले सङ्गीतमा केही बखेडा हुने बित्तिकै जात, धर्म, वर्गमाथि प्रहार हुने भन्दै प्रहार रोकिनुपर्ने धारणा समेत राखेका छन् । ‘मैले पढेको सङ्गीतको शास्त्रमा सङ्गीतको कुनै जात, धर्म, वर्ग, रङ्ग र भूगोल हुँदैन भनेर नै लेखिएको छ । म त्यही शास्त्रको लेखाई अनुसार नै सङ्गीतमा जीवन बाँच्ने यात्रा मै छु, प्रयास गरिरहेको छु’, उनले अगाडि भनेका छन् ‘तर मेरो देशमा सङ्गीतकर्मी कलाकारको केहि बखेडा आउनसाथ सुरुमा जात र वर्गमा नै प्रहार गर्ने गरिएको छ । यस पटक कलाकार खेम सेन्चुरी भाइको हकमा पनि यस्तै भयो ।

परियारले सामाजिक सञ्जालमा जात भनेर गाली गर्नेहरू सङ्गीतका श्रोता नभएर जातका श्रोता र हिमायती भएको टिप्पणी गरेका छन् ।

*-रातोपाटी डटकम*

# ‘द्रोपदी’को मर्मस्पर्शी टिजर सार्वजनिक



नारी संवेदनामा बनेको फिल्म ‘द्रौपदी’को मर्मस्पर्शी टिजर सार्वजनिक भएको छ । ऋषिराज आचार्यको पटकथा, निर्देशन र संवाद रहेको फिल्ममा कर्णालीको परिवेश र कथा चित्रण गरिएको छ । टिजरले फिल्म कर्णाली र स्थानीय महिलाले भोग्नुपर्ने समस्यामा आधारित रहेको झलक दिन्छ ।

प्रसिद्ध पर्यटकीय थलो शे फोक्सुण्डो ताल लगायतका रमणीय थलोका दृश्य टिजरमा समावेश गरिएको छ । १ मिनेट ३७ सेकेन्डको टिजर एक महिला पात्रको वरिपरि घुमेको देखिन्छ । महिला संवेदनामा बनेको देखिने यस फिल्मले एक मौलिक तथा गम्भीर विषय उठाएको छ । फिल्मलाई अन्तर्राष्ट्रिय बजारलाई समेत मध्यनजर गरि निर्माण गरिएको निर्देशक आचार्यले बताए । आश्विनी शाह शीर्ष भूमिकामा छिन् । रियालिटी शो ‘नेपाल आइडल’ विजेता गायक रवि ओड, जेल्सन अधिकारी, सुजाता तिमल्सिना, विष्णु ठडराई, प्रकाश ज्ञवाली, सीता बौडेल, सुरज अधिकारी र निर्देशक आचार्य स्वयमको अभिनय यसमा छ ।

*-अनलाइन खबर डटकम*

# सैफ अली खानको शरीरमा ६ ठाउँमा गहिरो घाउ



बलिउड अभिनेता सैफ अली खान अहिले अस्पतालमा भर्ना भएका छन् । उनीमाथि धारिलो हतियार प्रहार गरिएको थियो । मुम्बईको बान्द्रास्थित उनको घरमा बिहान २.३० बजे अज्ञात व्यक्ति चोरीको नियतले प्रवेश गरेको थियो । आक्रमणकारीसँग झडपका क्रममा उनीमाथि धारिलो हतियारले पटकपटक प्रहार भएको थियो । सैफ अली खान मुम्बईको लीलावती अस्पतालमा छन्, जहाँ उनको शल्यक्रिया भइरहेको छ । उनको शरीरमा ६ ठाउँमा छुरा प्रहार भएको स्रोतले जनाएको छ । सैफको घाँटी र स्पाइनल कर्डमा गम्भीर चोट लागेको छ । सैफको न्यूरो सर्जरी भएको छ । उनको शरीरबाट दुईदेखि तीन इन्च लामो धारिलो वस्तु निकालिएको छ । यो चक्कु को एक भाग भएको मानिएको छ । अहिले सैफ अली खानको कस्मेटिक सर्जरी भइरहेको छ । यस हमलामा सैफ अली खानको घरका सहयोगी पनि घाइते भएका छन् । घरेलु कामदारलाई सामान्य चोट लागेको छ । स्रोतका अनुसार घरमुनि एउटा नाली थियो, जुन सुत्ने कोठाभित्र खुल्थ्यो । प्रारम्भिक अनुसन्धानमा चोरहरु यही नालीबाट घर भित्र पसेको हुन सक्ने देखिएको छ । लीलावती अस्पतालका सीओओ डाक्टर नीरज उत्तमानीले मध्यरातमा सेफ अली खानलाई बान्द्रास्थित उनको घरमा अज्ञात व्यक्तिले आक्रमण गरेको बताए । सैफलाई ६ पटक छुरा प्रहार गरिएको थियो जसमध्ये २ वटा घाउ निकै गहिरो थिए । यीमध्ये एउटा प्रहार सैफको स्पाइनल कर्डमा भएको थियो । न्यूरोसर्जन डा नितिन डांगे र कस्मेटिक सर्जन डा लीना जैनको नेतृत्वमा चिकित्सकको टोलीले उनको शल्यक्रिया गरिरहेको छ । स्रोतका अनुसार यो घटना सैफ अली खानका छोराछोरी तैमुर र जेहको कोठामा भएको हो । प्रहरीले आक्रमणकारी कसरी भित्र पसे भन्ने खोजी भइरहेको छ । आक्रमणकारी बाहिरबाट आएका थिए वा भित्रैबाट आएका थिए भन्ने प्रहरीले खोजी गरिरहेको छ । सैफको पीआरका अनुसार न्यानी (बाल हेरचाह सहयोगी) राती २.३० बजे केही आवाज सुनेर ब्युँझिएकी थिइन् । सैफ अलीको सम्पूर्ण परिवार घरमा सुतिरहेको थियो । आवाज सुनेपछि सैफ अली खान ब्युँझिए र आक्रमणकारीको सामना गरे । सैफले आक्रमणकारीलाई समात्ने प्रयास गरे। यस झडपमा आक्रमणकारीले उनीमाथि पटकपटक आक्रमण गरेपछि आक्रमणकारीहरु भागेका थिए । सैफकी पत्नी करीना कपुरको टोलीले एक विज्ञप्ति जारी गर्दै घरमा लुट्ने प्रयास भएको बताएको छ । सैफ घाइते भएर अस्पतालमा भर्ना भएका छन् । बाँकी परिवार पूर्णरुपमा सकुशल छन् । विज्ञप्तिमा भनिएको छ ‘हामी मिडिया र फ्यानहरूलाई धैर्य गर्न र कुनै पनि प्रकारको अनुमान नगर्न अनुरोध गर्दछौं । प्रहरीले यस विषयमा अनुसन्धान गरिरहेको छ ।’

*-डिसी नेपाल डटकम*

# बलिउड कलाकारका बडिगार्डले कति लिन्छन् पारिश्रमिक ?



***शाहरूख खानका बडिगार्ड रवि सिंह सबैभन्दा धेरै पारिश्रमिक लिने सेलिब्रेटी बडिगार्ड हुन् । रवि वार्षिक २.७ करोड भारू अर्थात प्रति महिना करिब १७ लाख भारू पारिश्रमिक लिन्छन् । बलिउडका चर्चित अभिनेता हुन् सलमान खान । उनका बडिगार्ड शेरा पनि उतिकै चर्चित छन् । शेरा करिब २९ वर्षदेखि सलमानलाई सुरक्षा दिइरहेका छन् । शेरा वार्षिक २ करोड भारू अर्थात प्रति महिनाको १५ लाख भारू पारिश्रमिक लिन्छन् ।***

बलिउड अभिनेता शाहरूख खान, सलमान खान, अमिताभ बच्चन, अक्षय कुमार, अनुष्का शर्मा र दीपिका पादुकोणले घर बाहिर निस्कँदा निकै सावधानी अपनाउनुपर्छ । कतिपय अवस्थामा उनीहरू आफ्नै फ्यानबाट पनि सुरक्षित हुँदैनन् । उनीहरूले महँगो पारिश्रमिक दिएर अंगरक्षक (बडिगार्ड) राख्ने गरेका छन् । हामी सबैभन्दा धेरै पारिश्रमिक लिने सेलिब्रेटी बडिगार्डको चर्चा गर्छौं:-

**शाहरूख खान :** शाहरूख खानका बडिगार्ड रवि सिंह सबैभन्दा धेरै पारिश्रमिक लिने सेलिब्रेटी बडिगार्ड हुन् । रवि वार्षिक २.७ करोड भारू अर्थात प्रति महिना करिब १७ लाख भारू पारिश्रमिक लिन्छन् ।

**सलमान खान :** बलिउडका चर्चित अभिनेता हुन् सलमान खान । उनका बडिगार्ड शेरा पनि उतिकै चर्चित छन् । शेरा करिब २९ वर्षदेखि सलमानलाई सुरक्षा दिइरहेका छन् । शेरा वार्षिक २ करोड भारू अर्थात प्रति महिनाको १५ लाख भारू पारिश्रमिक लिन्छन् ।

**आमिर खान :** आमिर खानलाई युवराज घोरपडेले सुरक्षा दिइरहेका हुन्छन् । युवराज वार्षिक २ करोड भारू पारिश्रमिक लिन्छन् ।

**अमिताभ बच्चन :** अमिताभ बच्चनका बडिगार्ड जितेन्द्र शिन्देले अगस्त २०२१ सम्म अमिताभका लागि काम गरे । जितेन्द्र वार्षिक १.५ करोड भारू पारिश्रमिक लिन्थे ।

**दीपिका पादुकोण :** दीपिका पादुकोण सधैं आफ्नो व्यक्तिगत बडिगार्ड जलालसँग देखिन्छिन् । जलाल वार्षिक १.२ करोड पारिश्रमिक लिन्छन् ।

**अनुष्का शर्मा :** अनुष्का शर्माका बडिगार्ड प्रकाश सिंह उर्फ सोनु अभिनेत्रीको मात्र होइन विराट कोहली र उनकी छोरी वामिकाको पनि सुरक्षा दिन्छन्। उनी वार्षिक १.२ करोड भारू पारिश्रमिक लिन्छन् ।

**अक्षय कुमार :** अक्षय कुमारका बडिगार्ड श्रेयसे थाले सधैं अक्षयका साथमा हुन्छन् । श्रेयसे अक्षयसँगै उनका छोरा आरवलाई पनि सुरक्षा दिन्छन् । उनी वार्षिक १.२ करोड भारू पारिश्रमिक लिन्छन् ।

*-सेतोपाटी डटकम*

# ‘अनुसन्धान तथा प्रतिष्ठान’ विधेयक माथि छलफल



**दाङ,** माघ ८/लुम्बिनी अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्न बनेको विधेयक माथि सैद्धान्तिक छलफल भएको छ । लुम्बिनी प्रदेशसभाको जारी अधिवेशनको मंगलबारको बैठकमा उक्त विधेयक माथि छलफल भएको हो ।

विधेयक सोमबारको बैठकमा पेस भएको थियो । मुख्यमन्त्री चेतनारायण आचार्यको तर्फबाट सहरी विकास तथा खानेपानीमन्त्री सरोज थापाले बैठकमा सैद्धान्तिक छलफलका लागि विधेयक प्रस्तुत गरेका थिए । विधेयक माथिको छलफलमा प्रदेशसभा सदस्य यमुना रोका तामाङ, यमबहादुर सार्की र भुवनेश्वर चौधरीले सहभागिता जनाएका थिए । २३ वटा दफा रहेको विधेयकमाथि छलफल गर्दै प्रदेशमा कार्यरत कर्मचारीलाई मात्र नभएर निर्वाचित जनप्रतिनिधिलाई पनि विभिन्न विषय सवाल र प्रक्रियामा प्रशिक्षण दिनु जरुरी रहेकाले विधेयक अति आवश्यक भएको बताएका थिए । प्रदेशसभा सदस्यहरुको जवाफ दिँदै मन्त्री सरोज थापाले प्रदेशसभा सदस्यले दिएका सुझाव विधेयक संशोधनका बेला सम्बोधन गर्ने बताए । प्रदेशसभाको बैठक आज बुधबार पनि बस्नेछ ।

# राष्ट्रपति रनिङशिल्ड रेसुङ्गा माविलाई



**गुल्मी,** माघ ८/जिल्लाको रेसुङ्गा नगरपालिकाले सञ्चालन गरेको छैठौं राष्ट्रपति रनिङशिल्ड प्रतियोगिताको उपाधि रेसुङ्गा मावि तम्घासले हात पारेको छ । तम्घासको चिदीचौर खेल मैदानमा सञ्चालन भएको अन्तर विद्यालय राष्ट्रपति रनिङशिल्ड प्रतियोगितामा १२ स्वर्ण, १० रजत, ४ कास्य प्राप्त गर्दै रेसुङ्गा माविले उपाधि जित्न सफल भएको हो ।

त्यस्तै प्रतियोगितामा सिद्धबाबा उच्च मावि दोस्रो भएको छ । उसले ११ स्वर्ण, ५ रजत, ५ कास्य प्राप्त गरी दोस्रो स्थान हासिल गर्न सफल भएको हो । त्यस्तै महेन्द्र मावि तेस्रो भएको छ । ८ स्वर्ण, ७ रजत, १३ कास्य प्राप्त गरी उसले तेस्रो स्थान हासिल गर्न सफल भएको हो । ३ स्वर्ण, २ रजत, ६ कास्य प्राप्त गरी ब्रिलियण्ट युनाईटेड एकेडेमीले चौथो स्थान हासिल गर्न सफल भएको छ । यहि माघ ४ गतेदेखी सञ्चालन भएको प्रतियोगिताको रेसुङ्गा नगरपालिकाका मेयर खिलध्वज पन्थीले उद्घाटन गरेका हुन् । प्रतियोगिताको उद्घाटन गर्दै नगर प्रमुख पन्थीले नगरलाई खेल क्षेत्रको रुपमा विकास गर्ने गरी नगर सरकार लागि परेको बताए ।


## हार्दिक बधाई तथा शुभकामना



डाँसुराम पन्थ
अध्यक्ष



अशेष भट्टराई
उपाध्यक्ष



गंगाबहादुर खत्री
सचिव



रुपचन्द थापा
नगर अध्यक्ष



दुर्गा प्रसाद बस्याल
कोषाध्यक्ष



क्याप्टेन देव बहादुर थापा मश्राङी
सदस्य

यस स्कुलका सल्लाहकार तथा पूर्व अध्यक्ष, शैक्षिक, सामाजिक व्यक्तित्व **क्याप्टेन देव बहादुर थापा मश्राङी** निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) पाल्पाको तानसेनमा भएको नवौं जिल्ला अधिवेशनबाट जिल्ला कार्यसमिति सदस्य जस्तो गरिमामय पदमा निर्विरोध निर्वाचित हुनु भएकोमा उहाँसहित हाम्रा शुभेच्छुकहरु डाँसुराम पन्थ अध्यक्ष,अशेष भट्टराई उपाध्यक्ष, गंगाबहादुर खत्री सचिव, रुपचन्द थापा नगर अध्यक्ष,दुर्गा प्रसाद बस्याल कोषाध्यक्ष र सदस्यहरुमा ताजेन्द्र कुमार थापा, दिलिप रायमाझी, ऋषिराम अर्याल, टेकबहादुर कार्की, अनुराधा बज्राचार्य, गोपालबहादुर पि.सी., लक्ष्मण भण्डारी,जीवन रायमाझी,गणेश बस्याल ,शिष्टर एनिस जोसेफ निर्विरोध निर्वाचित हुनु भएकोमा **हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना** व्यक्त गर्दछौं ।

गोपी सिग्देल
प्रिन्सिपल

एवं

सुबेदार राजकुमार श्रेष्ठ
अध्यक्ष

**भू.पु सैनिक राइजिङ्ग इङ्गलिस बोर्डिङ स्कुल**
**रामपुर, पाल्पा**


## खेलकुद समाचार

### आर्मी पीएम कप क्रिकेटको ‘सुपर-फोर’ मा



**काठमाडौं,** माघ ८/कोशी प्रदेशलाई ९ विकेटले हराउँदै त्रिभुवन आर्मी क्लब प्रधानमन्त्री कप महिला टी-२० राष्ट्रिय क्रिकेट प्रतियोगिताको ‘सुपर-फोर’ मा पुगेको छ । कोशीले दिएको ३७ रनको लक्ष्य आर्मीले ६ ओभर २ बलमा १ विकेट गुमाएर भेटायो । आर्मीकी सम्झना खड्काले नटआउट ३२ रन बनाइन् । यसअघि धनगढीको फाप्ला अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा टस हारेर ब्याटिङको निम्तो पाएको कोशीले निर्धारित ७ ओभरमा ५ विकेट गुमाएर ३६ रन बनायो । कोशीकी स्मृति कटुवालले सबैभन्दा धेरै १४ रन बनाइन् । आर्मीकी मनिषा चौधरीले ३ र सुष्मिता भुसालले २ विकेट लिए । खराब मौसमका कारण खेल ७ ओभरमा झारिएको थियो । आर्मी ३ खेलमा ४ अङ्कसहित समूह ‘बी’ को शीर्ष स्थानमा छ । कोशी ३ खेलमा ४ अङ्कसहित नेट रन रेटका आधारमा दोस्रो स्थानमा छ । यस्तै समूह ‘बी’ को अर्को खेलमा अहिले तेस्रो स्थानको बाग्मती प्रदेश र पुछारको मधेश प्रदेश खेलिरहेका छन् । यो खेलको नतिजापछि ‘सुपर फोर’ मा पुग्ने अन्तिम टोलीको टुङ्गो लाग्ने छ । प्रतियोगिताको समूह ‘ए’ बाट सशस्त्र प्रहरी बलको एपीएफ क्लब र सुदूरपश्चिम प्रदेश ‘सुपर फोर’ मा पुगिका छन् । ‘सुपर फोर’ मा शीर्ष दुईमा रहने टोलीबीच उपाधिका लागि प्रतिस्पर्धा हुनेछ । फाइनल खेल आउँदो शनिवार हुनेछ ।


### बिमालेख हराएको सूचना

यहि मिति २०८१/०८/१० गतेका दिन **लाइफ इन्स्योरेन्स**को टेकराज भट्टराई भन्ने शुभम भट्टराईको नाममा जारी बिमा (पोलिसी) नम्बर २५०४१२६९० को बिमालेख सिमिचौर देखी तम्घास आउने क्रममा हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा सम्बन्धित शाखामा जानकारी दिनुहुन अनुरोध छ ।

नाम :टेकराज भट्टराई भन्ने शुभम भट्टराई
ठेगाना : रेसुङ्गा न. पा. १०
सम्पर्क न : ९८६७५८२७४६

### वर्गिकृत डिस्प्ले

*१ X ५ साइजमा मात्र*

**वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।**

सम्पर्क: ०७५-५२०६०१


## अर्थ /कर्पोरेट समाचार

### गोरु पाल्ने किसानलाई सम्मान



**अर्घाखाँची,** माघ ८/यहाँको सन्धिखर्क नगरपालिका-१ वडा कार्यालयले हलगोरु पाल्ने किसानलाई प्रोत्साहन रकमसहित सम्मान गरेको छ । पछिल्लो समय युवाहरू विदेश पलायन भएको र मिनिटिलर, ट्याक्टरले खेत जोत्ने क्रम बढेपछि गोरु पाल्ने किसानको सङ्ख्या घटेको छ ।

गोरु पाल्ने क्रम घट्दा जग्गा बाँझो जमिन बढेपछि किसानलाई प्रोत्साहन गर्ने उद्देश्यले पहिलो चरणमा १८ जना किसानलाई रु पाँच हजारका दरले प्रोत्साहन रकमसहित सम्मान गरिएको वडाअध्यक्ष माधव श्रेष्ठले बताए । सन्धिखर्क नगरपालिकाका कार्यवाहक नगरप्रमुख मिश्रा आचार्यले खेतबारी बाँझो हुन नदिन गोरु पाल्ने किसानलाई प्रोत्साहन रकम प्रदान गरी सम्मान गर्ने वडाको कार्यक्रम प्रभावकारी भएको बताए । नयाँ प्रविधि भित्रिए पनि अझै गोरु पाल्ने परम्परा नहराएको कार्यवाहक नगरप्रमुख आचार्यको भनाइ छ । त्यसैगरी, सो वडा कार्यालयले महिला स्वंयसेविकाहरुलाई पोसाकसमेत प्रदान गरेको छ ।*-रासस*


### अनलाइन ठगी हुनबाट बचौं

- अपरिचित नम्बर वा आईडीबाट फोन वा म्यासेजमा प्रलोभन देखाएर ठगी हुन सक्छ,
- अपरिचित व्यक्तिलाई आफ्नो इमेल वा अन्यको पासवर्ड, बैंकको युजर जस्ता संवेदनशील सूचना नदिऔं
- बलियो पासवर्ड राखौं र समय समयमा परिवर्तन गरौं,
- आफ्ना सम्पूर्ण व्यक्तिगत विवरणको उचित संरक्षण गरौं,
- अनलाइन ठगी भएको वा हुन लागेको पाइएमा त्यस विरुद्ध नेपाल प्रहरी तथा साइवर ब्युरोमा उजुरी वा जानकारी गराऔं,
- अनलाइन ठगीबारे सबैलाई जागरुक गराऔं,
- अनलाइन ठगी साइबर अपराध हो, यसबाट आफू पनि जोगिऔं र अरुलाई पनि जोगाऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई